# भक्तपुरका मल्लकालीन नेवार जात्राको सांस्कृतिक महत्त्व

**डा. बलराम कायस्थ**
balaram.kayastha@gmail.com

**लेखसार**

ऐतिहासिक नगर भक्तपुरमा बर्सेनि अनेक प्रकारका जात्राहरू मनाइन्छ । आफ्नै माटो, परिवेश र परम्परामा आधारित यस्ता अधिकांश जात्राहरू विभिन्न देवदेवी वा मठमन्दिरसँग सम्बन्धित रहने हुनाले तिनको महत्त्व पनि धर्म र पुण्य प्राप्त गर्ने धार्मिक उद्देश्यमा मात्र केन्द्रित रहेको जस्तो देखिन्छ । तर वास्तवमा धार्मिक-आध्यात्मिक पक्षको मात्र महत्त्व नभएर जात्राका बेला गरिने विविध सांस्कृतिक क्रियाकलापले समाजलाई परोक्ष रूपमा अनेक व्यावहारिक सामाजिक सन्देशसमेत दिइरहेको हुन्छ । यसका साथै स्थानीय संस्कृतिको प्रवर्धन, पर्यटनको विकास, मनोरञ्जनको स्तर, सबल आर्थिक स्थितिजस्ता विविध पक्षहरूको परिचय पनि प्रस्तुत गरिरहेको हुन्छ । वस्तुतः ऐतिहासिककालदेखि प्रचलनमा रहेका यस्ता जात्रापर्वहरू रूढि थाम्ने परम्परा मात्र होइनन् । यसका पछाडि अनेकौं रहस्यले भरिएका दर्शन र अभिप्रायहरू पनि लुकेका छन् । ती दर्शन र अभिप्राय गहन रूपले बुझ्न नसक्दा आफ्नो संस्कृति के हो भन्ने थाहा नहुन सक्दछ । आफ्नै संस्कृति थाहा नभएपछि व्यक्तिले आफूलाई अरू समक्ष प्रस्तुत गर्न सक्दैन । अतः राष्ट्रको मौलिक पहिचानका रूपमा रहेका स्थानीय जात्राहरूको संरक्षण गर्न अतिजरुरी देखिन्छ । प्रस्तुत अध्ययन यसै विषयवस्तुमा केन्द्रित रहेको छ ।

**शब्दकुञ्जि** : गाथामोग, चह्रे, पुलुकिसि, मूपात्र, येँया, विस्का, सापारु ।

**विषय प्रवेश**

जात्रा शब्दको उत्पत्ति संस्कृत भाषाको यात्रा भन्ने शब्दबाट भएकाले यसको अर्थ घुम्नु हुन्छ । उपत्यकाका नेवार समुदायमा जात्रा भन्नेबित्तिकै

देवीदेवतालाई मन्दिरबाट विशेष सजधजका साथ खटमा राखेर स्थान परिक्रमा गर्नु भन्ने अभिप्राय बुझिन्छ (जुजु र श्रेष्ठ, ११०५, पृ.२९) । त्यसैगरी सामान्यतः चाडपर्व भन्नाले घरपरिवार, समुदाय वा विशेष क्षेत्रमा मनाइने धार्मिक, सामाजिक अवसर भन्ने बुझिन्छ । यसैगरी धार्मिक स्थल वा देवीदेवताका नाममा मनाइने स्थान परिक्रमा, जन्मोत्सव वा विशेष अवसरलाई खुकुलो अर्थमा जात्रा भन्न सकिन्छ । तर यहाँको धार्मिक, सामाजिक, सांस्कृतिक परिप्रेक्ष्यमा चाडपर्वले जात्रा र जात्राले चाडको रूप लिने हुनाले यी दुवै शब्द र तिनले व्याख्या गर्ने अवसरहरू एक अर्काको पूरकका रूपमा रहेका छन् (खत्री, २०४९, पृ.१२२) । यसैले यी दुई शब्दको अर्थमा भिन्नता रहेको देखिँदैन । हुन पनि जात्राको दिन बिहानै जात्रा गर्ने देवताको मन्दिरमा होम गरेर बलि दिएर पूजा गरिन्छ । दिउँसोपख झ्याँइझ्याँइ बाजा बजाएर, उत्सव गरेर देवतालाई मन्दिरबाहिर ल्याएर सजाइएको खटमा राखेर विधिपूर्वक पूजा गरेपछि सम्बन्धित गुठीयारले खट बोकेर अगाडि बढाइन्छ । त्यसको अघिल्तिर बाजागाजा, भजनकीर्तनसहितका लावालस्कर हुन्छ । जात्राको मार्गमा पनि स्थानीयवासीले भक्तिपूर्वक पूजा गर्छन् । त्यस दिन घरघरमा देवताको प्रसादको रूपमा सम्हेय्बजी खाने, बेलुका भोज खाने आदि गरेर चाड मनाइन्छ (जुजु र श्रेष्ठ, ११०५, पृ.३१) । यसरी जात्राले चाडको रूप लिइरहेको हुन्छ ।

काठमाडौँ उपत्यका चाडपर्व जात्राउत्सवका दृष्टिले प्रख्यात ठाउँ हो । त्यसमा पनि अझ अधिकांश ज्यापू (स्थानीयवासी किसान) रहेको भक्तपुरका जात्रापर्वहरूको आफ्नो छुट्टै महत्त्व छ । स्थानीय परिवेशमा प्रस्तुत हुने यस्ता जात्रापर्वहरू आफ्नै मौलिक परम्पराले युक्त छन् । परापूर्वकालदेखि प्रचलित जात्रापर्वको सांस्कृतिक परम्परालाई स्थानीयवासीले आफ्नो मौलिक पहिचान ठान्दछन् । यद्यपि आधुनिकताको प्रभाव, परिवर्तनशील समय, परिस्थिति, मानिसका व्यस्त दिनचर्या आदिले गर्दा यस्ता जात्रापर्वको महत्त्व ओझेलमा पर्न थालेको देखिन्छ । तर यस्ता जात्रापर्वले नै स्थानीय संस्कृतिको मौलिकपन जीवन्त राख्ने भएकाले स्थानीयवासीहरू आफ्नो संस्कृतिको संरक्षण गर्न कटिबद्ध देखिन्छन् ।

यस लेखमा भक्तपुरमा बर्सेनि मनाइने समग्र जात्रापर्वका विषयमा स्पष्ट पार्ने प्रयास गरिन्छ । यस क्रममा यो लेखमा तिनको स्वरूप र विशेषताका आधारमा प्रमुख जात्रा र स्थानीय जात्रा गरी दुई भागमा राखेर अध्ययन गरिन्छ । प्रमुख जात्रा भक्तपुरलगायत वरपरका अन्य नेवार बस्तीमा समेत मनाइन्छ भने स्थानीय जात्राहरू सम्बद्ध टोल वा स्थानविशेषमा मात्र सीमित रहन्छन् । यी समग्र जात्रापर्वहरू पञ्चाङ्ग निर्णायक समितिद्वारा तयार पारिएको वार्षिक पात्रो (क्यालेण्डर) अनुसार निर्धारित दिन वा तिथिमा सम्पन्न गर्ने गरिन्छ । प्रमुख जात्राहरू एक साताभन्दा अधिक समयसम्म सञ्चालन हुने गर्छन् । यी स्थानीय जात्राहरू स्थानीय टोलचोकमा सम्पन्न हुने भएकाले ती जात्राको महत्त्व पनि स्थानीय स्तरमै सीमित रहेको पाइन्छ । विस्केट, गाईजात्रा, इन्द्रजात्रा आदि यहाँका प्रमुख जात्रा हुन् भने छुमा गणेश जात्रा, चण्डेश्वरी जात्रा, इन्द्रायणी जात्राजस्ता जात्राहरू स्थानीय हुन् ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनलाई प्रामाणिक र विश्वसनीय बनाउन यसमा प्राथमिक र सहायक दुवै स्रोत सामग्री उपयोग गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत विविध जात्रा एवं चाडपर्वहरूको स्थलगत अध्ययन, प्रत्यक्ष अवलोकन, राष्ट्रिय अभिलेखालयमा सङ्गृहित जात्रासम्बन्धी हस्तलिखित ग्रन्थहरूको अध्ययनका साथै सम्बद्ध व्यक्तिहरूसँगको भलाकुसारी अनि सहायक स्रोतअन्तर्गत प्रकाशित ग्रन्थ, पुस्तक, लेखहरू छन् । यसरी प्राप्त भएका स्रोत सामग्रीहरूको अध्ययन गर्नका लागि विश्लेषणात्मक, वर्णनात्मक र तुलनात्मक विधि उपयोग गरिएको छ ।

## ऐतिहासिक पृष्ठभूमि

जात्राउत्सव मनाउनाले समाजलाई अनेक उपलब्धिहरू प्राप्त हुने तथ्य हाम्रा धर्मग्रन्थ र पुराणहरूले पुष्टि गर्दछ । यसैले यो परम्परा वैदिककालदेखि

प्रचलनमा थियो । त्यति बेला जात्रालाई 'जता' र उत्सवलाई 'मह' भन्ने गरिन्थ्यो । त्यति बेलाका प्रसिद्ध जात्राहरूमा गिरीमह, इन्द्रमह, स्कन्दमह, रुद्रजता, नागजता आदि थिए भन्ने कुरा हरिवंश पुराण र जैन धर्मग्रन्थको आधारमा थाहा पाइन्छ (अग्रवाल, १९६४, पृ.४-५) । नेपाली समाजमा पनि लिच्छविकालदेखि वैदिक धर्म, दर्शनको प्रभाव पर्न थालेपछि यहाँका जात्राउत्सवहरू वैदिक देवताका नाममा मनाइन थालियो । जस्तो– द्वारोद्घाटनयात्रा, कैलाशयात्रा, वराहयात्रा, मण्डपीयात्रा आदि त्यस बेलाका प्रसिद्ध जात्रा थिए (वज्राचार्य, २०३०, पृ. २७४ र ४८६) । तर पूर्वमध्यकालतिर आइपुग्दा तन्त्रमन्त्र प्रधान विचारधारा प्रादुर्भाव भएपछि त्यसैअनुरूप अनेक स्वरूपका देवदेवीका मूर्तिहरू, जात्रापर्वहरू, पूजाविधानहरू प्रचलनमा आए (वज्राचार्य, २०२५, पृ.२) । यसपछि मल्लकालमा आएर तान्त्रिक प्रवाहको लोकप्रियता निकै बढ्न गएपछि यहाँका चाडपर्व-जात्राउत्सवहरू पनि तिनै तान्त्रिक देवीदेवताको नाममा सञ्चालन हुँदै आएको तथ्य ती जात्राका विधिविधानसम्बन्धी हस्तलिखित ग्रन्थहरूको अध्ययनबाट थाहा हुन्छ ( हस्तलिखित ग्रन्थ, माइक्रोफिल्म नं. बी.४३७/१५, बी. १९२९/६ र ई. १९२९/८ । यहाँका असङ्ख्य आश्चर्यलाग्दा चाडपर्व-जात्रा देखेर पश्चिमेली विद्वान्हरू समेत दङ्ग पर्दछन् ।

उनीहरूले यहाँ वर्षभरिका दिनहरूभन्दा चाडपर्व-जात्राका दिनहरू बढी छन् भनी स्वीकारेका छन् (सल्केज, १९५९, पृ.१३७) । यी जात्राको एउटा खास विशेषता के हो भने त्यस अवसरमा गरिने देवीदेवताका जति पनि तान्त्रिक पूजापाठहरू छन्, त्यसको चरमबिन्दु भनेको पशुबलि नै हो (बरगती, १९९५, पृ.१५) । यसरी सम्बद्ध देवतालाई पशुबलि चढाएपछि चाडपर्व-जात्राको मुख्य कार्य सम्पन्न भएको मानिन्छ । त्यसपछि खानपान, आमोदप्रमोद, आदि गर्ने कार्य प्रारम्भ हुन्छ । यसरी चाडपर्व-जात्राका अवसरमा गरिने देवदेवीका पूजापाठ, भक्तिभाव आदिबाट यहाँको संस्कृति प्राचीनकालदेखि धार्मिक र आध्यात्मिक भावनाबाट प्रेरित छ भन्ने कुरा थाहा हुन्छ । यहाँ मनाइने प्रमुख र स्थानीय जात्राहरूको सङ्क्षिप्त परिचय तल प्रस्तुत गरिन्छ ।

**विस्का (विस्केट)**

विस्केट जात्रा प्रत्येक वर्ष मेष सङ्क्रान्तिलाई केन्द्रबिन्दु बनाएर मनाइँदै आएको भक्तपुरको एउटा प्रख्यात जात्रा हो । यो जात्रा हेर्नाले शत्रु नाश भएर जाने, चारैतिर सुख, शान्ति, समृद्धि फैलिने, सहकाल भित्रिने, दुर्भिक्ष नाश हुने आदि कुराको वर्णन प्राचीन ग्रन्थ 'गौतमीतन्त्र' मा उल्लेख भएको पाइन्छ (नेपाल वर्षक्रिया, बी ४३७/१५: १) । यो जात्रा विशेषगरेर भक्तपुरका प्रमुख देवता विश्वनाथ भैरवको जात्राका रूपमा प्रसिद्ध रहेको छ । किनकि भैरवको प्रतीकका रूपमा चैत्र मसान्तका दिन ठडिने लिङ्गोको टुप्पोमा फहराइने जोडी ध्वजालाई भैरव र शक्तिको प्रतीक मानिन्छ । जात्रा हुने मूल स्थान भद्रकाली पीठ नै रहेकाले यो कुरा स्पष्ट हुन्छ । लिङ्गो ठडिने खाल्डोलाई प्रतीकात्मक रूपमा भद्रकालीको योनी र लिङ्गोलाई भैरवको लिङ्ग मानिन्छ । जब त्यस खाल्डोमा परेर लिङ्गो ठडिन्छ; तब वातावरण रोमाञ्चक बन्न पुग्छ । किनकि त्यस क्रियालाई भैरव र भद्रकाली बिचको समागम वा शिव र शक्ति आपसमा एकाकार भएको प्रतीकको अर्थमा लिने गरिन्छ । यसबाट समस्त जगत्मा सुख, शान्ति र समृद्धि फैलिने जनविश्वास रहेको पाइन्छ । यस जात्राको खास अभिप्राय लिङ्गो ठडयाएर आम दर्शकलाई मनोरञ्जन मात्र पुऱ्याउने नभएर भैरव र भद्रकालीलाई आपसमा समागम गराउनु पनि रहेको देखिन्छ । जुन क्रिया तान्त्रिक दृष्टिकोणले निकै महत्त्वपूर्ण मानिन्छ । वास्तवमा लिङ्ग र योनी सृष्टिका मूल रहस्य हुन् । पुरुष र स्त्रीको पारस्परिक संयोग विना सृष्टि प्रभृति हुन सक्दैन । शिव र शक्ति, ईश्वर र माया, पुरुष र प्रकृति चाहे जुनसुकै नाम लिए पनि सर्वत्र यी दुई मूल शक्तिको पारस्परिक सङ्घर्षणबाटै सृष्टि कार्य सम्पन्न हुने गर्छ (कविराज, २०१९, पृ.५०८) । यसरी तान्त्रिक दृष्टिले हेर्दा यो जात्रालाई भैरव-भैरवी बिचको आपसी समागमको प्रतीकका रूपमा लिन सकिन्छ ।

मल्लकालमा आएर यसमा भैरवभैरवीको रथयात्रासमेत समावेश गरिएपछि यो जात्रा नौ दिनसम्म मनाउने गरेको देखिन्छ । जात्राकै क्रममा भक्तपुरका अष्टमातृकालगायतका देवदेवीको पनि विधिविधानले

पूजाआजा गरेर जात्रा चलाउने गरिन्छ (लम्साल, २०२३, पृ.५४)। जात्राप्रति रोचकता थप्न वा कौतुहलता जगाउनका लागि नागनागिनसम्बन्धी अलौकिक किंवदन्तीहरू प्रचलित रहे तापनि त्यसमा कुनै सत्यता नरहेको तथ्य हालसम्मको अध्ययनबाट स्पष्ट हुन्छ। यो विशुद्ध रूपले धार्मिक जात्रा हो। यसको पुष्टि राष्ट्रिय अभिलेखालयमा सङ्गृहित रहेका विश्वयात्रा (विस्केट) सम्बन्धी हस्तलिखित ग्रन्थहरूको अध्ययनबाट थाहा हुन्छ (जुन ग्रन्थका प्रतिलिपि परिशिष्टमा दिइएको छ)।

विस्केट जात्राका माध्यमबाट आज पनि भक्तपुरमा मल्लकालीन संस्कृतिको झझल्को सजीव रहेको देख्न सकिन्छ। यस अवसरमा गरिने धार्मिक अनुष्ठान, पूजापाठ र सांस्कृतिक क्रियाकलापहरू सबै भक्तपुरको मल्लकालीन संस्कृतिका विशिष्ट उदाहरण हुन्, जसमा सबैले सम्बन्धित देवदेवीलाई पूजा, उपासना र जात्रा गरेर खुसी र सन्तुष्ट बनाएर त्यसबाट सबैले आत्मिक शान्ति र मनोरञ्जन प्राप्त गर्ने भन्ने कुरा बोध हुन आउँछ।

**सायात (गाईजात्रा)**

'सापारु' (गौ प्रतिपदा) का दिन मनाइने 'सायात' (गाईजात्रा) भक्तपुरको अर्को प्रमुख जात्रा हो। गोपालराज वंशावलीमा यसलाई 'सायात' भनिएको पाइन्छ (वज्राचार्य र मल्ल, १९८५, पृ.६१ पत्र)। 'साँ' भनेको गाई र 'यात' भनेको यात्रा हुने भएकाले गोयात्रा जनाउन सायात भनिएको देखिन्छ। यो जात्रा वर्षभरि मरेका आफन्तहरूको सम्झनामा मनाइने भए पनि यसमा विविध सांस्कृतिक क्रियाकलापहरू पनि प्रदर्शन गरिन्छ। यो क्रम आठ दिनसम्म चल्छ। विशेषगरेर प्रत्येक वर्ष भाद्रकृष्ण प्रतिपदाका दिन यहाँका स्थानीयवासीले वर्ष दिनभित्र मृत्यु भएका आफन्तको सम्झनामा गाईयात्रा निकालेर नगर परिक्रमा गराउने गरिन्छ। यसरी गाईको प्रतीक 'ताहासाँ' बनाएर गाई घुमाउँदा त्यस अघिल्तिर घिन्टाङ्घिसी नाच प्रस्तुत गर्दछन्। यो घिन्टाङ्घिसी नाच भक्तपुरको गाईजात्राको खास विशेषता हो। किनकि अन्यत्रको गाईजात्रामा यस्तो नाच हुँदैन।

हिन्दु धर्मशास्त्रमा लक्ष्मी माताको रूपमा पूजा गरिने गाईलाई वैतरणी नदी (नर्क) पार गर्नमा पनि मार्गदर्शक मान्ने बलियो जनविश्वास रहेकाले प्रत्येक वर्ष भाद्रकृष्ण प्रतिपदाको दिन गाईजात्रा मनाइन्छ (जोशी, २०७०, पृ.२६६-२६७)। किनकि वर्षभरि मरेका मानिसहरूको आत्मा यमलोक जान नपाएकाले पिशाच भएर यताउति भौंतारिरहने र गाईजात्राको दिन नगर परिक्रमा गराइएको गाईको प्रभाव (गाईको सिङको झटका) ले सो दिन अलिकति खोलिने यमद्वार पूरा खुल्ने हुँदा मृतात्माहरू यमलोक जान पाउँछन् भन्ने धार्मिक विश्वास रहेकाले यस दिन गाईजात्रा मनाउने चलन चलिआएको हो। यो कुरा पद्मपुराण र गरुडपुराणजस्ता पौराणिक ग्रन्थहरूमा समेत उल्लेख भएको पाइन्छ (मुनंकर्मी, २०४३, पृ.३५)। यथार्थमा गाईजात्रा वर्षको एकपल्ट मृतक आफन्तको संस्मरणार्थ देशदर्शन (नगर परिक्रमा) गरेर मनाइने शोक पर्व भएकाले शोक मात्र मनाउँदा मानिसमा नैराश्यता उत्पन्न हुन्छ। त्यसैले ऊ सांसारिक मायामोहबाटै अलग भएर वैरागी बन्ला भनेर शोकलाई शक्तिमा बदल्नका निम्ति यहाँका प्राचीन पुर्खाले त्यसमा अनेक प्रकारका हावभावपूर्ण हास्यव्यङ्ग्यात्मक क्रियाकलापहरू थपेर जात्राको रूप दिइएको बुझिन्छ।

यो जात्राको क्रममा राज्यले गरेका काम कारबाहीलगायत सबै किसिमका विकृति, विसङ्गतिप्रति खुलेर टीकाटिप्पणी गर्दा नागरिकलाई कुनै कानुन नलाग्ने परम्परासमेत रहेको देख्न सकिन्छ।

**येँया (इन्द्रजात्रा)**

इन्द्रजात्रा पनि भक्तपुरमा आठ दिनसम्म विविध सांस्कृतिक क्रियाकलाप गरेर धुमधामसँग मनाइने अर्को प्रमुख जात्रा हो। यो जात्रा प्रत्येक वर्ष भाद्रशुक्ल चतुर्दशीका दिन पर्दछ। तर पनि भाद्रशुक्ल द्वादशीकै दिनदेखि इन्द्रध्वजोत्थान गरेर यो पर्व आश्विनकृष्ण चतुर्थीसम्म धुमधामले मनाइने गरिन्छ। विशेषगरेर त्यस अवसरमा यहाँका टोलटोलमा इन्द्र वा इन्द्र पुत्रको प्रतीक यम द्यः (काठको लिङ्गो) ठड्याउने, इन्द्रायणी जात्रा, सिद्धपोखरी मेला, मुपात्र

जात्रा, यामतः जात्रा, पुलुकिसि जात्राजस्ता मौलिक सांस्कृतिक क्रियाकलापहरू सञ्चालन हुने गर्दछन्।

स्वर्गका राजा इन्द्रको सम्मानमा बर्सेनि हुने यस किसिमको जात्राबाट एकातिर इन्द्र खुसी भएर समयसमयमा वर्षा गराइदिनाले खेतबाली राम्रो हुने, रोगव्याधि हट्ने, राज्यको श्रीवृद्धि हुने धार्मिक मान्यता रहेको पाइन्छ । यसैगरी अर्कातिर हर्षोल्लासमय वातावरणमा पूजाआजा, नाचगान, भोजभतेर आदिद्वारा स्थानीयवासीले भरपुर आनन्द प्राप्त गर्ने हुनाले यसको सामाजिक, सांस्कृतिक पक्ष पनि महत्त्वपूर्ण रहेको पाइन्छ । यथार्थमा प्राचीनकालदेखि नै यो ठाउँ कृषिप्रधान रहँदै आए पनि कृषिका लागि सिँचाइको कुनै सुविधा नभएकाले स्थानीयवासीमा खेती गर्न आकाशे पानीमै निर्भर रहनुपर्ने बाध्यता रहेको थियो । यसैले यहाँका प्राचीन पुर्खाले वर्षाका देवता मानिएका देवराज इन्द्रलाई खुसी पार्नका लागि वैदिककालदेखि प्रचलित यस प्रथालाई निरन्तरता दिएको बुझिन्छ । प्रकारान्तरले यस जात्रालाई अझ भव्य र धुमधामसँग मनाउन यसमा अनेक मौलिक उपजात्राहरू थपिएपछि यो आठ दिने पर्वमा रूपान्तरित भयो ।

**स्थानीय जात्राहरू**

भक्तपुरको कुनै एउटा टोल वा निश्चित स्थानविशेषमा आयोजना हुने धार्मिक देवीदेवताका जात्रालाई स्थानीय बासिन्दाले आफ्नो स्थानीय चाडका रूपमा मानेका हुन्छन् । त्यस अवसरमा आआफ्नो घरमा लिपपोत, सफासुग्घर गरेर अनेक प्रकारका मासुसहितको स्वादिष्ट भोजनका परिकारहरू बनाएर आफन्त, नाताकुटुम्बलाई नखःत्या (भोज) मा बोलाएर बेलुका भोज खाएर चाड मान्ने गरेको पाइन्छ । भक्तपुरको टोलटोलमा हुने यस्ता स्थानीय जात्राहरू धेरै छन्, जसमध्ये विस्केट पर्वको क्रममा यस्ता खाले अनेक जात्राहरू देख्न सकिन्छ ।

चैत्र मसान्तको साँझ भैरवको लिङ्गो उभ्याइसकेपछि त्यसको खुसीयालीमा राति नै टोलटोलमा रहेका गणेशलाई जात्रा गरेर मूल देवगृहबाट बाहिर ल्याइन्छ । यसका साथै इन्द्रायणीको त्वारेवाः जात्रा, वाराहीको तिंप्वा जात्रा पनि यसै क्रममा मूल देवगृहबाट पीठमा ल्याउने कार्य हुन्छ । भोलिपल्ट (मेष सङ्क्रान्तिका दिन) दिउँसो भक्तपुर दरबार परिसरमा दुमाजु (देवी) को खटजात्रा गरिन्छ ।

लिङ्गोजात्रा विसर्जन गरिसकेपछि नगरभित्रका टोलटोलमा हुने विभिन्न देवदेवीका खटजात्राहरूका अतिरिक्त नगरबाहिर कटुञ्जेमा सुशील भैरवको जात्रा, ठिमीमा बालकुमारी जात्रा, बोडेमा जिब्रो छेड्ने जात्रा, नगदेशमा सिद्धिगणेशको जात्रा सम्पन्न हुने गर्दछ । नगरभित्र तालाक्व टोलमा जेठा गणेश-बुलुचा भैरवको खटजात्रा, भोलाछेँ टोलमा महाकाली-महालक्ष्मीको खटजात्रा, थःने (माथिल्लो टोल) मा ब्रह्मायणी-महेश्वरीको खटजात्रा, तँ कोने तेखारेंमा चोंगा गणेश जात्रा, चोछेँमा छुमा गणेशको जात्रा आदि जात्राहरू विस्केटका समयमा सम्पन्न हुने स्थानीय जात्रा हुन् ।

यसबाहेक अघिपछि पनि विभिन्न पर्वका दिनहरूमा यस्ता स्थानीय जात्राहरू हुने गर्छन् । जस्तो– वैशाख पूर्णिमाका दिन चासुखेल, टिबुक्छेँ, सुकुलढोका, गोलमढी आदि टोलहरूमा हुने चण्डेश्वरी जात्रा, कौलागा (मङ्सिर) बाला चतुर्दशीमा थःने दतात्रय चोकमा हुने दतात्रय भीमसेन (देवता) को सुकु भिसिन्द्यः जात्रा, सिपुन्ही (स्वस्थानी व्रत समापन) को दिन हनुमानघाटबाट गाःहिटी हुँदै माथिल्लो टोल इलाकामा लगेर पुनः हनुमानघाट पुऱ्याएर सम्पन्न गरिने माःद्यः जात्रा, येँया पुन्हीको अघिल्लो दिन राति इन्द्रायणीलाई देवगृहबाट खटमा राखी जात्रा गरेर सिद्धपोखरी छेउमा लगेर राख्ने इन्द्रायणी जात्रा हो । त्यस्तै गुंपुन्हीको चौथो दिनमा वाराहीलाई खटमा राखेर नगर परिक्रमा गर्ने वाराही जात्रा, क्वाछेँको भगवती जात्रा, सूर्यविनायक गणेश जात्रा आदि जात्राहरू भक्तपुरमा परम्परादेखि चल्दै आएका स्थानीय जात्राहरू हुन् ।

यी उल्लिखित प्रमुख र स्थानीय जात्राबाहेक नेवार समुदायमा परम्परादेखि प्रचलित गाथामोग चह्रेदेखि सिठीनखःसम्मका अर्थात् असार-साउनमा पर्ने घण्टाकर्ण चतुर्दशीदेखि जेठमा पर्ने कुमार षष्ठीसम्मका सबै चाडपर्व जात्राहरू पनि यहाँ मनाइने गरिन्छ । जस्तो- गाथामोग चह्रे, गुन्हीपुन्ही (जनै पूर्णिमा),

पन्जरा पर्व, चथाः (गणेश चौथी), मोहनी (दसैं), स्वन्ति (तिहार), सकिमा पुन्ही, योमरी पुन्ही, बाला चह्रे (बाला चतुर्दशी), घ्यो चाकु सल्हुँ (माघे सङ्क्रान्ति), सम्यकदान, होली पुन्ही (फागु पर्व), मातातीर्थ औँशी, गोकर्ण औँशी, सिठी नखः आदि पनि यहाँ मनाउने गरिन्छ । बर्सेनि यी पर्वका अवसरमा यहाँ अनेक प्रकारका सांस्कृतिक क्रियाकलापहरू हुने गर्छन् ।

## जात्राको स्वरूप

स्वरूपगत आधारमा यहाँका जात्राहरू मूलतः तीन प्रकारका देखिन्छन् । एउटा, मानिसले बोकेर घुमाउने स्थानविशेषको देवदेवीका खटजात्रा । सानो मन्दिर आकारको काठको यो खट विशेषगरेर बुसादँया जात्रा (मन्दिरमा देवता प्रतिस्थापन गरेको स्मरणमा बर्सेनि गरिने जात्रा) मा प्रयोग गरिन्छ । यसमा गजुरसहितको धातुको छाना मुनि कोठाजस्तो ठाउँ बनाइएको हुन्छ, जहाँ जात्रा गर्ने देवताको प्रतिमा राखिन्छ । यस्तो खटलाई नरयान पनि भन्ने गरिन्छ । किनकि यसलाई मानिसले बोकेर घुमाइन्छ । यसैले यस्तो जात्रा टोल, चोक, गल्लीजस्ता साँघुरा बाटोमा पनि सजिलै लान सकिन्छ ।

अर्को व्यापक मान्यताका प्रख्यात देवताको जात्रालाई रथजात्रा भनिन्छ । यसलाई चक्रयान पनि भनिन्छ । जस्तो कि भक्तपुरको विस्केटजात्रा, काठमाडौँको इन्द्रजात्रा र ललितपुरको मच्छेन्द्रनाथको जात्रा । निकै धेरै दिनसम्म चल्ने यी जात्रा निकै भव्य रूपका हुन्छन् । रथमा देवताको प्रतिमा नभएर मूल देवतालाई नै राखिने हुनाले यस्तो जात्राको महत्त्व अझ बढी हुने गर्छ । जस्तो कि खटजात्रा कुनै टोलविशेष वा सीमित इलाकाभित्र मात्र केन्द्रित रहन्छ । तर रथजात्रा सम्पूर्ण नगर वा प्रदेशभरि नै मनाइने गरिन्छ । चारओटा पाङ्ग्रा हालेर बनाइएको रथमा देवता सवार भएपछि डोरीद्वारा तानेर सम्बद्ध स्थान परिक्रमा गराउनुको अर्थ ठाउँठाउँका मानिसहरू, जो घरबाट निस्कन सक्दैनन्, जो शारीरिक रूपमा अशक्त हुन्छन्, तिनलाई देवताको दर्शन गराउनु हो (जुजु र श्रेष्ठ, ११०५, पृ.३३) । तेस्रो मानिस नै देवता भएर पैदल हिँडेर स्थान परिक्रमा गर्ने जात्रा । यसमा मुख्यतः तलेजु भवानीको पायो (खड्ग) जात्रा, मुकुण्डो लगाएर नाच्ने देवीनाच, नवदुर्गा गणको माछा मार्ने जात्रा, गाईजात्रा आदि पर्दछन् । यस्तो जात्रालाई दुष्ट शक्ति नाश गर्ने अभियानको रूपमा लिने गरिन्छ ।

निश्चित स्थान परिक्रमा गरेर जात्रासम्पन्न भएपछि देवतालाई खट अथवा रथबाट ओरालेर पुनः आफ्नै स्थान अर्थात् मन्दिरमा भित्र्याइँदा लसकुस (स्वागत) गरिन्छ । यो सांस्कृतिक क्रियालाई नेवारी भाषामा *द्यः थाँहा बिज्याकेगु* पनि भनिन्छ । नेपालमा खट वा रथजात्रा गर्नुपर्ने जति पनि देवीदेवताहरू छन् । किंवदन्तीअनुसार ती कुनै बेला मानिसकै रूपमा रहेका देखिन्छन् । यसकारण देवतालाई पनि मानिसकै व्यवहार गर्ने चलन चलेको हो । जस्तो कि यहाँको समाजमा परिवारका कुनै सदस्य परदेशबाट फर्कंदा होस् वा नवदुलहीलाई घर भित्र्याउँदा होस्, घरको मूल ढोका अगाडि लसकुस (स्वागत) गरेर भित्र्याउने गरिन्छ । त्यसैगरी जात्रा सिध्याएर फर्केका देवतालाई देवगृहमा भित्र्याउँदा पनि लसकुस गरेर भित्र्याउने गरिन्छ (जुजु र श्रेष्ठ, ११०५, पृ.३६) । नेवारहरूको जात्रापर्वको संस्कृतिसम्बन्धी दर्शन आफ्नै किसिमको छ । तिनको सिद्धान्तअनुसार मानिस आफैँ देवता हो । भौतिक देह मन्दिर हो भने त्यसभित्रको आत्मा देवता हो । यसर्थ मन्दिरभित्रको देवतालाई वार्षिक रूपमा पर्वपूजा र जात्रा गरेर उत्सव मनाएझैँ मानिसले पनि वर्षको एक पटक कार्तिकशुक्ल प्रतिपदाका दिन *म्हः पूजा* गरेर चाड मनाउँछन् ।

## जात्राको सांस्कृतिक महत्त्व

स्थानीय समाजले चाडपर्व-जात्रालाई अविच्छिन्न रूपमा मान्दै आउनुको सबैभन्दा महत्त्वपूर्ण कारण त्यसको सांस्कृतिक पक्ष हो । सांस्कृतिक पक्षले नै चाडपर्व, जात्रा उत्सवको अस्तित्वलाई सजीव र विशिष्ट तुल्याएको हुन्छ । किनकि प्रत्येक जात्राका आाफ्नै मौलिक परम्परा र विशेषताहरू रहेका हुन्छन् । एउटै नामको जात्रा पनि स्थानपिच्छे फरकफरक ढङ्गले मनाइनुमा पनि त्यही सांस्कृतिक कार्य वा परिवेशको भिन्नता मुख्य कारण रहेको देखिन्छ । यद्यपि काठमाडौँ उपत्यका र त्यस वरपरका प्राचीन

बस्तीहरूमा बसोबास गर्ने नेवारहरू भाषागत, जातिगत, ऐतिहासिकता आदि दृष्टिकोणले एकआपसमा आबद्ध भए पनि उनीहरूको सांस्कृतिक परिवेश अलगअलग रहेको पाइन्छ । यसकारण एउटै उद्देश्यले चलेका जात्राहरू पनि सबैतिर समान ढङ्गले मनाएको पाइँदैन । जस्तो– भक्तपुरको बिस्केट जात्रा भक्तपुरमा मात्र मनाइने नभएर त्यस वरपरका अन्य नेवार बस्तीहरूमा पनि मनाइन्छ । तर जात्रा मनाउने परम्परा वा सांस्कृतिक कार्य भने स्थानपिच्छे फरक रहेको पाइन्छ । त्यस्तै फरक घण्टाकर्ण, गाईजात्रा, इन्द्रजात्रा आदिमा पनि देख्न सकिन्छ । यसरी सांस्कृतिक पक्षले सम्बन्धित चाडपर्व वा जात्रा उत्सवलाई जीवन्त बनाएको हुन्छ । त्यसैमा जात्राहरूको आफ्नो स्थानविशेषको मौलिकपन, परम्परागत विशेषताहरू रहेका हुन्छन् ।

गहनरूपले अध्ययन गर्दा यहाँ जात्रा गर्नुपर्ने प्रख्यात देवीदेवताहरू कुनै बेला मानिसकै रूपमा रहेका थिए । अलौकिक पुरुषार्थका कामले गर्दा ती देवता भएको दृष्टान्त वंशावली र प्रचलित किंवदन्तीहरूबाट थाहा हुन्छ । जस्तो कि प्रारम्भमा भक्तपुरका भैरवनाथ, पाटनका मच्छिन्द्रनाथ मानिसकै रूपमा उपत्यका प्रवेश गरेका थिए (लम्साल, २०२३, पृ.४-१०) । कतिपय देवता त आजसम्म पनि मानिसकै रूपमा रहेको प्रत्यक्ष देख्न सकिन्छ । जस्तै- जीवित देवी कुमारी, यिनलाई साक्षात् तलेजु भवानीको प्रतिरूप मान्ने गरिन्छ । त्यस्तै भक्तपुरको नवदुर्गा गण । अर्को कुरा मानिस धेरै लामो समयसम्म बाँचिरह्यो भने देवता भएको भनेर "जङ्को' (बुढोपास्नी) गरेर खटमा राखी तानेर जात्रा गर्ने गरेको दृष्टान्त पनि अद्यावधि देख्न सकिन्छ (जुजु र श्रेष्ठ, ११०५, पृ.३२) । यसरी यहाँका जात्राहरूमा मानिस नै देवता, देवता नै मानिस भएका तथ्यहरू पनि रहेको पाइन्छ ।

परम्परादेखि चल्दैआएका यी जात्रापर्वहरू समाजको यथार्थ स्वरूपलाई चित्रण गर्ने एउटा सशक्त सांस्कृतिक प्रक्रिया भएकाले यहाँका बासिन्दाको सम्पूर्ण जीवनपद्धति नै चाडपर्व-जात्राको जालोमा बेरिएको पाइन्छ (मजपुरिया र गुप्ता, १९८१, पृ.३) । संस्कृतिभित्र मानिसका आस्था, विश्वास, कला, नैतिक आदर्श, मूल्यमान्यता, रीतिरिवाज, चालचलन तथा मानिसले आजसम्म हासिल गरेका सिप, ज्ञान, योग्यता आदि समाहित रहेका हुन्छन् (टेलर, १९७५, पृ. ६३) । चाडपर्व-जात्राले संस्कृतिका यी सबै पक्षको प्रतिनिधित्व गर्दछ । यसैले चाडपर्व-जात्रा संस्कृतिको अभिन्न अङ्गका रूपमा रहेको पाइन्छ ।

यी अधिकांश चाडपर्वको मुख्य अभिप्राय मानिस र वातावरणीय पर्यावरण अर्थात् जीव र जगत्‌बिचको सम्बन्ध सधैँ सन्तुलित बनिरहोस् भन्ने कामनार्थ देवतालाई रिझाउनु रहेको देखिन्छ । वास्तवमा सृष्टिको प्रारम्भदेखि नै यो चराचर जगत्‌लाई व्यवस्थित ढङ्गले चलाउँदै आएका एउटा अदृश्य शक्ति छन् । उनी सर्वशक्तिमान् भएकाले उनलाई मानिसहरूले ईश्वरको रूपमा कल्पना गर्ने गर्छन् । तिनको पूजा गर्ने अभिप्रायले यस्ता चाडपर्व-जात्राहरू प्रचलनमा आएका देखिन्छन् । समयमा पानी परोस्, कृषिबाली सप्रियोस्, सबैतिर सुख, शान्ति र समृद्धि फैलियोस्, प्राकृतिक प्रकोप, दैवी विपत्तिका घटनाहरू नहुन् भन्ने उद्देश्यले नै चाडपर्वहरू आरम्भ भएका देखिन्छन् ।

गहनरूपले अध्ययन गरेको खण्डमा चाडपर्व-जात्राभित्र अनेक किसिमका गूढ रहस्यले भरिएका नैतिक, आदर्श, सदाचार, सच्चरित्रताका उपदेश, शिक्षा वा गुणहरू पनि विद्यमान रहेको पाइन्छ । जसलाई अनुसरण गर्दै अघि बढ्ने हो भने सङ्घर्षमय जीवनमा आफ्नो लक्ष्य प्राप्त गर्न सहज हुन जाने छ ।

मनोवैज्ञानिक दृष्टिकोणले हेर्दा विगतमा मानिसले आफ्ना मनका पीडा, दुःख, कष्ट, गुनासाहरू आजको जस्तो जुन बेला पायो, त्यही बेला व्यक्त गर्न सक्तैनथे । त्यसका लागि एउटा बेग्लै अवसर हुन्थ्यो, त्यो अवसर भनेको चाडपर्व-जात्रा नै थियो । अर्कोतिर राज्यले पनि आफ्ना जनताका भावना, राज्यव्यवस्थाप्रति तिनको धारणा, तिनको अवस्था आदिका बारे अप्रत्यक्ष रूपमा जान्ने एउटा सशक्त मौकाको रूपमा यस्ता चाडपर्वलाई लिइने गरिन्थ्यो । जसबाट शासक वर्गलाई आफ्ना कमजोरी सुधारेर अघि बढ्न सजिलो हुन्थ्यो । यसरी सर्वसाधारण जनताले चाडपर्वका अवसरमा आफूलाई लागेका, आफूले देखेका, भोगेका पीडा, वेदना, दुःखकष्टहरू धक खोलेर विभिन्न प्रतीकका

माध्यमद्वारा सार्वजनिक रूपमा अभिव्यक्त गर्न सक्दछन् । यस्ता चाडपर्व-जात्राहरूमा गाथामोग, सायात (गाईजात्रा) आदिलाई प्रमुख रूपमा लिन सकिन्छ । आफ्नो मनभित्रका उकुसमुकुसपूर्ण भाव यस्ता जात्राको बेला अनेक हावभावपूर्ण नाच, व्यङ्ग्य प्रदर्शनी, प्रहसन आदिका माध्यमबाट अभिव्यक्त गर्ने गरिन्छ । अनि यी जात्राहरू प्राचीनकालदेखि नै प्रचलित थिए भन्ने तथ्य गोपालराज वंशावलीमा गाथामोग (घण्टाकर्ण चतुर्दशी) लाई 'गण्ठकर्ण चवदश' र गाईजात्रालाई 'सायात' भन्ने उल्लेख भएबाट स्पष्ट हुन्छ (वज्राचार्य र मल्ल, १९८५, पृ.६१ (क) ५ र ६३ (ख) १) । अर्को कुरा, यहाँ मनाइने जात्राका बेला विवाह गरेर दिइसकेका छोरीचेलीसँगै ज्वाइँ, भाञ्जाभाञ्जी, नातिनातिनालाई *नखःत्या* भोज आयोजना गरेर आमन्त्रण गरिन्छ । यसरी नखःत्या भोजमा आफन्तहरूलाई बोलाउने, एकै ठाउँमा जम्मा हुने, एकआपसमा खुसी साटासाट गर्ने, सामूहिक रूपमा भोज खाने, खुवाउने, रमाइलो गर्नेजस्ता कार्यले पनि अप्रत्यक्ष रूपमा पारिवारिक तथा सामाजिक सम्बन्ध हार्दिक एवं सुमधुर हुन जान्छ । आफ्नो घरपरिवार, नाताकुटुम्ब र आफन्तजनसँग मैत्रीपूर्ण सम्बन्ध विकास र बिस्तार गर्न यस्ता चाडपर्वहरूको ठुलो कूटनैतिक भूमिका रहेको पाइन्छ ।

अनादिकालदेखि नै यहाँका चाडपर्वहरू प्रत्यक्ष वा परोक्ष रूपमा खेतीपाती वा अन्न उत्पादनसँग सम्बन्धित हुँदै आएको पाइन्छ । समयमा पानी परोस्, बालीनाली सप्रियोस्, अनिकाल नपरोस्, खोलाबाढी वा खडेरी नलागोस्, वर्षाको बेला चट्याङ नपरोस्, भूकम्प नआओस् भनेर यो संसारको नियमित विधि सञ्चालन गर्ने एउटा अदृश्य शक्तिको कल्पना गरेर सोही शक्तिको महत्त्वलाई शिरोधार्य गरेर त्यसको स्तुतिस्वरूप चाडपर्व मनाउन थालिएको हो । पछिबाट मानिसमा धार्मिक, आध्यात्मिक भावनाको विकास हुन थालेपछि उनीहरूले सोही अदृश्य शक्तिलाई ईश्वर वा देवताको रूपमा मान्न थाले । पछिल्लो कालमा आएर देवता पनि अनेक स्वरूपमा देखा परे । अनि तिनै देवताको सम्झनामा यहाँ बर्सेनि चाड मनाउन थालियो । यसरी प्रारम्भदेखि यहाँ घाम, पानी, बादल, वर्षा, पर्यावरणजस्ता प्रकृतिजन्य कुराहरू असन्तुलित नहोस् भन्ने कामनार्थ चाडपर्व मनाइने गरेको देखिन्छ ।

वैज्ञानिक दृष्टिकोणले हेर्दा पनि यहाँका चाडपर्वहरू बेकारका छैनन् । यिनका पछाडि अनेक दर्शन र अभिप्राय लुकेर रहेका छन् । वास्तवमा यहाँका प्राचीन विद्वान्हरूले सबै जीव, वनस्पति, पर्यावरणको कल्याण अनि मानव मात्रको सुख, शान्ति र समृद्धिका लागि विभिन्न उपाय खोजेर ती उपायहरू व्यावहारिक रूपमा कार्यान्वित गराउने प्रयास गरेको देखिन्छ । त्यस बेलाको देश, काल, परिस्थिति र मानिसहरूको विचारधारासँग अनुकूल हुने गरेर पूर्ण रूपमा तथ्य उद्घाटित नगरेर भावनात्मक कुरालाई ठोस कुरामा परिणत गरेर चाडपर्व आरम्भ गरेको देखिन्छ । यहाँको मौलिक संस्कृतिको संरक्षण गर्दै समाजलाई अनेक प्रकारका जीवनोपयोगी शिक्षादीक्षा दिन आवश्यक देखिन्छ । यी चाडपर्व-जात्राहरूले यसबाहेक अप्रत्यक्ष रूपमा सङ्घर्षमय जीवनमा कदमकदममा आइपर्ने अनेक समस्या, कठिनाइ, मुस्किलहरूको सामना गरेर सफल बन्ने प्रेरणा जगाएको हुन्छ । अतः यी चाडपर्व-जात्राहरू मनाउनका पछाडि अनेकौं वैज्ञानिक र तथ्यपरक कारणहरू रहेको अनुभूति हुन्छ ।

उत्साहपूर्ण धार्मिक एवम् आध्यात्मिक भावनाले सृजित यहाँको संस्कृतिलाई एसियाकै उच्चकोटीको संस्कृति मानिन्छ (एण्डरसन, १९७१, पृ.३५) । यहाँको विशिष्ट प्रकारको आश्चर्यलाग्दो कला, संस्कृति, सम्पदाहरूले गर्दा नै बर्सेनि लाखौं विदेशी पर्यटकहरू नेपाल भ्रमणमा आइरहेका छन् । आज पर्यटन उद्योग नेपालको विदेशी मुद्रा आर्जन गर्ने प्रमुख उद्योग भएको छ । यसले राष्ट्रिय अर्थतन्त्रमा ठुलो टेवा दिइरहेको छ । यसरी आर्थिक दृष्टिकोणबाट पनि यहाँका चाडपर्व-जात्राको निक्कै ठुलो महत्त्व रहेको देखिन्छ ।

## निष्कर्ष

चाडपर्व-जात्राउत्सव समाज र संस्कृतिको स्तर मापन गर्ने प्रमुख आधार भएकाले उपत्यकाको नेवार समाजलाई संस्कृतिले सम्पन्न समाज मान्न सकिन्छ । किनकि यहाँ वर्षभरिका दिनहरूभन्दा

चाडपर्व-जात्राका दिनहरू धेरै छन् । यस्ता पर्वहरू कुनै दिनमा एकभन्दा बढी पनि पर्छन् भने कुनै पर्व दुई दिनसम्म पनि मनाइन्छ । धर्म, मनोरञ्जन र सामाजिक सद्भाव यी तीन उद्देश्यगत आधारमा यस किसिमका चाडपर्व-जात्राको संरचना भएको देखिन्छ । यसका साथै आर्थिक समुन्नति, मानिसका फुर्सदिला समय र धर्मभीरु चरित्रजस्ता कारणले पनि यी पर्वहरूको संरचनामा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । नेपालमण्डल (काठमाडौँ उपत्यका) मा प्रचलित जात्रापर्व (विस्काः, यँया, सापारु, मत्स्येन्द्रनाथ/करुणामय) आदि राष्ट्रिय महत्त्वका जात्रा हुन् ।

संस्कृति पहिचान हो । कान्तिपुरको विशिष्ट सांस्कृतिक पहिचान इन्द्रजात्रा, ललितपुरको करुणामय र भक्तपुरको विस्काः जात्रा हो । जात्रा र मानव जीवनको आत्मा र शरीरको जस्तै सम्बन्ध रहन्छ । यी जात्राबाहेक गुन्हुपुन्हि, पञ्जरा चह्रे, मोहनि (दसैँ), स्वन्ति (तिहार) होलि पुन्हि (फागु पूर्णिमा), अस्ति दि (अक्षय तृतीया) र नवदुर्गा नाचलगायत उल्लेख्य छन् । भक्तपुरको अर्को विशिष्ट सांस्कृतिक पहिचान नवदुर्गा नाच पनि हो । तन्त्रमय भक्तपुरको सांस्कृतिक संसार यथार्थमा नवदुर्गामय रहिआएको छ । यहाँ मनाइने जात्राहरू भनेका मल्लकालीन गौरवमय सांस्कृतिक परम्पराका उत्कृष्ट नमुना हुन् । यी जात्राहरू मनाइनुको उद्देश्य धर्म, मनोरञ्जन र सामाजिक सद्भाव हो । यसले बहुधार्मिक, बहुभाषिक, बहुसांस्कृतिक नेपाललाई विश्वसामु चिनाउन महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । यसैले यसको सांस्कृतिक महत्त्व विशिष्ट प्रकारको छ ।

## सन्दर्भ सामग्रीसूची


अग्रवाल, वासुदेवशरण (१९६४). *प्राचीन भारतीयलोक धर्म.* अहमदावादः ज्ञानोदय ट्रस्ट ।

एस्डरसन, मेरि एम (ई.सं. १९७१). *दि फेष्टिभल्स अफ नेपाल.* लण्डनः जर्ज एलेन एण्ड वीन ।

कविराज, श्री गोपीनाथ (२०१९).*भारतीय संस्कृति और साधना.* पटनाः विहार राष्ट्रभाषा परिषद ।

खत्री, प्रेम (२०४९ ).*नेपालको सामाजिक इतिहास र धार्मिक मतहरू. काठमाडौँ :* एम.के पव्लिसर्स एण्ड डिष्ट्रिब्युर्टस ।

जुजु, बलदेव र श्रेष्ठ, सुरेन्द्रमान (ने.सं. ११०५).*नेपायाः तान्त्रिक द्यः व तान्त्रिक पूजाविधि.* यें: लेखक द्वय

जोशी, हरिराम (२०६०). *नेपालका चाडपर्व.* ललितपुर : जोशी रिसर्च सेन्टर ।

.......... (२०७०). *प्रदीप अभिनव संस्कृति विश्वकोष.* भक्तपुर : वर्कस् पब्लिकेसन्स ।

टेलर, एडवर्ड बर्नेट (१९७५ ई.सं.).'प्रिमिटिभ कल्चर'. *हाई प्वाइन्ट्स इन एनथ्रोपोलोजी.* पाउल बोन्नान र मार्क ग्लेजर (सं.). न्युयोर्कः अल्फ्रेड नोफ ।

बरगती, एन्नी (१९९५ ई.सं.). *गड्स, मैन एण्ड टेरिटोरी.* न्यूदिल्ली : मनोहर पब्लिसर्स ।

मजपुरिया, टि.सी र गुप्ता एस.पी (१९८१ ई.सं.). *नेपालः दि ल्याण्ड अफ फेष्टिभल्स.* न्यूदिल्ली : एस चन्द्र एण्ड कम्पनी ।

मुनंकर्मी, लीलाभक्त (२०४३). *हाम्रा सांस्कृतिक पर्व र जात्राहरू.* काठमाडौँ : दयारत्न शाक्य ।

लम्साल, देवीप्रसाद (२०२३). *भाषा वंशावली. भाग २.* काठमाडौँ : नेपाल राष्ट्रिय पुस्तकालय ।

वज्राचार्य, धनवज्र (२०३०). *लिच्छविकालका अभिलेख.* काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

वज्राचार्य, धनवज्र र मल्ल, के.पी (१९८५ ई.सं.). *दि गोपालराज वंशावली.* काठमाडौँ : नेपालरिसर्च सेन्टर ।

वज्राचार्य, मनवज्र (२०२५). *हाम्रा चाडपर्वहरूको विवेचना.* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

सल्केज, टिवर (१९८० ई.सं.). *वीण्डो अन नेपाल.* लण्डन : रबर्ट हेल लिमिटेड ।

भट्टराई, शिवप्रसाद (२०६६). 'वर्तमान परिप्रेक्ष्यमा बडादसैँ'. *गोरखापत्र दैनिक.* २०६६।०६।०३ गते ।

**अप्रकाशित स्रोतसामग्री**

राष्ट्रिय अभिलेखालय, काठमाडौँमा सङ्ग्रहित हस्तलिखित ग्रन्थहरू-

'नेपाल वर्षक्रिया', हस्तलिखित ग्रन्थ, माइक्रोफिल्म नं. बी ४३७/१५ ।

'विश्वयात्रा निमन्त्रण विधि', हस्तलिखित ग्रन्थ, माइक्रोफिल्म नं. बी १९२९/६ ।

'विश्वयात्रा कुलुक्यात पूजाविधि', हस्तलिखित ग्रन्थ, माइक्रोफिल्म नं. ई. १९२९/८ । ■